नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

# प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको समुपस्थितिमा आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा चालू आर्थिक वर्ष २०७६/७७ को पहिलो चौमासिक अवधिमा सञ्चालन र सम्पादन भएका वार्षिक नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्ययोजना अनुरुपको माइलस्टोन एवम् मन्त्रालयहरुको कार्यसम्पादन सूचकको सम्बन्धमा समीक्षा कार्यक्रम संम्पन्न भयो ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले मन्त्रालयहरूबाट कार्यक्रमहरूको स्पष्ट गन्तव्य निर्धारण गरी सञ्चालन गरिएको र त्यसको समय समयमा समीक्षा समेत गरेर अगाडि बढेको हुँदा सरकार सही मार्गमा रहेको भन्दै सन्तोष व्यक्त गर्नुभयो ।

पूँजीगत खर्च बढाउनको निम्ति विकास आयोजनाहरू समयमा नै सम्पन्न गर्ने अवस्था निर्माण गर्नुपर्ने उल्लेख गर्दै सम्माननीयज्यूले आगामी दिनमा ठेकेदारहरूसँग ठेक्का सम्झौता गर्दा तिनको वास्तविक सामर्थ्य, वर्तमान समयमा पाएका ठेक्काको संख्या तथा विगतमा गरिएका ठेक्काहरू समयमै सम्पन्न भए-नभएको यकिन गरेर मात्र अगाडि बढ्न निर्देशन दिनुभयो।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले विभिन्न शीर्षकमा प्रदान गरिने अनुदान प्रणालीलाई उत्पादन, उत्पादकत्व एवम् रोजगारी बृद्धिमार्फत् आर्थिक बृद्धिमा सहयोग पुग्ने गरी वस्तुगत ढंगले प्रदान गरिनुपर्ने, उपभोग्य वस्तुमा आत्मनिर्भर हुने गरी उत्पादन बढाउनुपर्ने, कृषि तथा पशुको नश्ल सुधार गर्नुको साथै बाँझो जमिनको पूरा सदुपयोग गर्ने जस्ता कार्यक्रमहरू अभियानको रुपमा सञ्चालन गर्न तथा विद्युत उत्पादन बढाई आधुनिक प्रविधिको प्रयोग गर्दै व्यापार गर्न सकिने गरी ठूलो परिमाणमा उत्पादन गर्न सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिनुभयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले कर्मचारी व्यवस्थापनको सन्दर्भमा विद्यमान कार्यप्रणालीमा व्यापक सुधार गर्न निर्देशन दिँदै पर्याप्त तालिममार्फत् कर्मचारीको गुणात्मक क्षमता अभिवृद्धि गरी थोरै कर्मचारीबाट धेरै काम सम्पन्न हुने अवस्था सिर्जना गर्न एवम् विकासलाई प्रभावकारी ढंगले सञ्चालन गर्न संघ, प्रदेश तथा स्थानीय तह, मन्त्री, सचिव तथा कार्यालय प्रमुखबीच आवश्यक समन्वय गर्न निर्देशन दिनुभयो ।

यस अघि मन्त्रालयहरूबाट भएको प्रस्तुतिको सम्बन्धमा माननीय अर्थ मन्त्रीज्यू, माननीय बन तथा वातावरण मन्त्रीज्यू, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यू, माननीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यू, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यू एवम् राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूले प्रतिक्रिया दिनु भएको थियो ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

कार्यक्रमको शुरुवातमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रालयहरूको माइलस्टोन, खर्चको अवस्था एवम् कार्यसम्पादन सूचकको अवस्थाको सम्बन्धमा समष्टिगत प्रस्तुतीकरण गरिएको थियो । उक्त प्रस्तुतीकरण पश्चात् सम्बन्धित मन्त्रालयका सचिवहरुबाट आ-आफ्नो मन्त्रालयबाट भए गरेका कामहरुको प्रगति विवरण, कार्यसम्पादनको क्रममा देखिएका समस्या र आगामि अवधिको लागि मन्त्रालयले गर्ने प्रतिवद्धता समेत प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा माननीय उपप्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु, माननीय राज्यमन्त्रीज्यूहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू तथा सदस्यज्यूहरू, सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकारज्यू एवम् सल्लाहकारज्यूहरू, श्रीमान् मुख्य सचिवज्यू एवम् मन्त्रालयका सचिवज्यूहरुको समेत उपस्थिति रहेको थियो ।

०९ मंसिर, २०७६

यमलाल भूसाल
सहसचिव/प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np